**नेपाल सरकार**
**अर्थ मन्त्रालय,**
**प्रेस विज्ञप्ती**

२०७२ पौष १४ ।

आर्थिक वर्ष २०७२/०७३ को मंसिर महिना सम्मको वार्षिक राजस्व संकलनको स्थितिका वारेमा माननीय अर्थमन्त्रीको समुपस्थितिमा अर्थमन्त्रालयका प्रमुख आर्थिक सल्लाहकार,अर्थ सचिव,राजस्व सचिव, मन्त्रालयका उच्च पदाधिकारीहरु,विभागीय प्रमुखहरु,उपत्यका स्थित कार्यालयका प्रमुखहरु लगायतको उपस्थितिमा समिक्षा बैठक सम्पन्न भयो।

चालु आ.ब.को मंसिर महिना सम्म राजस्व असुलीको लक्ष्य रु.१६२५९.३१ करोड रहेकोमा देशमा देखिएको असहज अवस्था एवं आपूर्ति प्रणालीमा देखिएको अवरोध समेतका वावजुत रु.११२८१.२१ करोड असुली भइ लक्ष्यको तुलनामा ६९ प्रतिशत प्रगति भएको छ।२०७२ मंसिर महिना सम्मको विभागगत राजस्व असुली अन्तर्गत आन्तरिक राजस्व विभागको लक्ष्य रु.५७ अर्व ३६ करोड ९१ लाख रहकोमा रु.४७ अर्व १ करोड ३७ लाख असुली भइ लक्ष्यको तुलनामा ८२ प्रतिशत प्रगति भएको छ। यसैगरी भन्सार विभाग तर्फ ७८ अर्व २३ करोड ४ लाखको लक्ष्य रहेकोमा ४६ अर्व ४७ करोड ३७ लाख असुलीभइ लक्ष्यको तुलनामा ५९.७२ प्रतिशत प्रगति भएको छ।

आन्तरिक उत्पादनमा कमी,न्यून आयात,तथा आपूर्ति प्रणालीमा देखिएको असहज अवस्थाले गर्दा मूल्य वृद्धिमा चाप पर्न गएको छ। समिक्षा अवधि सम्म पूँजीगत खर्च करिव ६ प्रतिशतको हाराहारीमा मात्र भएको र खर्च गर्ने समय करिव ४५ प्रतिशत सकिइसकेको हुदा पूँजीगत खर्च लक्ष्य बमोजिम हुन नसक्दा चालू खर्च समेत प्रभावित हुन गइ राष्ट्रिय प्राथामिकताका आयोजनाहरुको समेत पुर्नप्राथामिकिकरण गर्नु पर्ने अवस्था रहेको छ।

राजस्वको संरचनामा उल्लेखनीय परिवर्तन नभएता पनि कर राजस्व गत आ.ब.को तुलनामा कमी भएको छ। शिर्षकगत असुलीमा आयकर तर्फ गत वर्षको तुलनामा राजस्व असुलीमा कमी नआएता पनि विगतका तीन वर्षमा श्रावण महिना वाहेक अन्य सम्पूर्ण राजस्व शिर्षकहरुको असुलीमा कमी आएको छ । भन्सार राजस्वमा मंसिर महिनामा केही सुधारका संकेतहरु देखिएतापनि बीरगञ्ज नाकामा रहेको अवरोध नहटे सम्म राजस्वमा सकारात्मक परिवर्तन आउने देखिदैन।समिक्षा अविधमा गत आ.ब.को मंसिर महिनासम्म र चालु आ.ब.को मंसिर महिना सम्ममा देखिएको राजस्व असुलीको प्रवृत्ति विश्वेषण देहाय बमोजिम रहेको देखियो।

# मंसिर महिनासम्मको कर राजस्व संकलनको संरचना




२०७२ कार्तिक महिना सम्ममा शोधानान्तर बचत र व्यापार घाटा सकारात्मक भएता पनि अर्थतन्त्रका सवै गतिविधिहरु शिथिल हुन गइ आयात तर्फ मात्र करिव ३१ अर्व राजस्वमा कमी आएको छ। बढ्दो शोधानान्तर बचत,अत्याधिक विदेशी मुद्राको संचिती,अधिक तरलता,न्यून सरकारी खर्च र खुम्चिएको अर्थतन्त्रलाई पुनर्जीवन प्रदानगर्न अर्थमन्त्रालयबाट मिति २०७२/०८/०८ मा जारी भएको श्वेतपत्र,बार्षिक कार्ययोजना कार्यान्वयन तथा तत्काल सुधार कार्ययोजना,न्यून राजस्व परिचालनको अवस्थामा राजस्वको वैकल्पिक कार्ययोजनाहरुको प्रभावकारी कार्यान्वयनमा माननीय अर्थ मन्त्री, अर्थ मन्त्रायका प्रमुख आर्थिक सल्लाहकार,अर्थ सचिव तथा राजस्व सचिवज्यूहरुबाट मातहतका विभागीय प्रमुख तथा उपस्थित पदाधिकारीहरुलाइ निर्देशन जारी भएको थियो।यसका साथै असहज अवस्थामा देखिएको न्यून राजस्व पूर्तिका लागि सामान्य अवस्थामा हामिले गरेको काम भन्दा उच्च मनोवलका साथ कार्य गरी शिथिल अवस्थामा जान लागेको देशको अर्थतन्त्रलाइ सुधारोन्मुख बनाउन, औपचारिक अर्थतन्त्रलाइ सवलबनाउन माननीय मन्त्रीज्यूबाट मातहतका पदाधिकारीहरुलाइ निर्देशन दिनु भयो। यसका साथै राजस्व प्रशासनले कार्यसम्पादनमा सुधार गर्ने,राजस्व छली र चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न समेत निर्देशन दिनु भयो।

२०७२ मंसिर १४।